नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग
(करदाता सेवा शाखा)

लाजिम्पाट, काठमाडौं

## व्यावसायिक कारोबार बापतको रकम व्यक्तिगत खातामा जम्मा गर्न नपाइने सम्बन्धमा सार्वजनिक सूचनाः

आर्थिक विधेयक, २०८१ बाट आयकर ऐन, २०५८ को दफा ८१क. थप भई व्यावसायिक कारोबार बापतको रकम व्यक्तिगत खातामा जम्मा गर्न नपाइने व्यवस्था भएको विदितै छ । उक्त व्यवस्था बमोजिम **"कुनै पनि व्यक्तिले व्यावसायिक कारोबार बापत प्राप्त नगद, चेक, क्यू आर कोड तथा अन्य कुनै विद्युतीय माध्यमबाट प्राप्त हुने कुनै पनि रकम व्यक्तिगत बैंक खातामा जम्मा गर्न पाइने छैन। सोही ऐनको दफा ११९क. को उपदफा (३) मा दफा ८१क. को उल्लङ्घन गरेमा प्रत्येक पटकको अनुगमनमा पाँच हजार रुपैयाँ वा कुल रकमको दुई प्रतिशतमध्ये जुन बढी हुन्छ सो रकम शुल्क लाग्नेछ।"** भनी उल्लेख भएको हुदाँ सोही बमोजिमको कानूनी व्यवस्था सम्बन्धित करदाता एवं सरोकारवाला सबैमा जानकारी गराइन्छ ।